NNSWA
Nepal National Social Welfare Association
(नेपाल राष्ट्रिय समाज कल्याण संघ)
Airport Road-18, Bheemdatt Municipality (Mahendranagar), Kanchanpur
Sudurpaschim Province, Nepal

Phone: +977-99-522182
Email: info@nnswa.org.np
Website: www.nnswa.org.np

**_परियोजनाको वार्षिक उपलब्धि समेटिएको भिडियो डकुमेन्ट्री बनाउने सम्बन्धि संस्थागत तथा व्यक्तिगत परामर्शदाता आवश्यक सम्बन्धि सुचना ‼**

**प्रथम पटक प्रकाशित मिति २०८२/०७/२० गते**

उपरोक्त सम्बन्धमा युरोपियन युनियनको आर्थिक सहयोग र सेभ द चिल्ड्रेन संग को साझेदारीमा नेपाल राष्ट्रिय समाज कल्याण संग NNSWA ले कर्णाली प्रदेशको जाजरकोट जिल्लाको भेरी नगरपालिका र छेडागाड नगरपालिका, कालिकोट जिल्लाको तिलागुफा नगरपालिका र शुभकालिका गाउंपालिका तथा कञ्चनपुर जिल्लाको बेलडांडी गाउंपालिका र लालझाडी गाउंपालिकामा समावेशी गुणस्तरिय शिक्षा परियोजना सञ्चालन गर्दै आएकोमा बर्ष २०२५ मा सम्पन्न गरिएका कृयाकलापहरुको सम्बन्धित समुदायमा परेको सकारात्मक प्रभाव सहितको भिडियो डकुमेन्ट्री बनाउनुपर्ने भएकाले संस्थागत तथा व्यक्तिगत परामर्शदाताले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र दिईएको ईमेलमा आफ्नो प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१) परामर्शदाता संस्थाले संस्था दर्ता प्रमाण पत्र, VAT/PAN दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र र कार्य अनुभवको प्रतिलिपि संलग्न राख्नु पर्नेछ भने व्यक्तिगत परामर्शदाताले आफ्नो कार्य अनुभव सहित एब्ले दर्ता प्रमाण पत्र संलग्न राखि प्रस्ताव पेश गर्नुपर्नेछ ।

२) प्राविधिक प्रस्तावमा भिडियो डकुमेन्ट्री बनाउने विधी, प्रकृया र यसको समयसिमा प्रष्ट उल्लेख गर्नुपर्नेछ भने आर्थिक प्रस्तावमा नियमानुसारको कर सहितको एकमुष्ठ रकम अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ

३) डकुमेन्ट्री २० मिनट देखि २५ मिनेटको हुनुपर्नेछ ।

४) डकुमेन्ट्रीको ई-कपि पेन ड्राईभ सहित उपलब्ध गराउनुपर्नेछ

५) डाटा सुरक्षा सम्बन्धि शर्त पालना गर्नुपर्नेछ

६) आवश्यकता अनुसार पालिकामा पुगी आवश्यक सुचना संकलन गर्नुपर्नेछ र कार्ययोजना समेत प्रस्तावमा समेटनु पर्नेछ

७) सम्झौता भएको मितिले १५ दिन भित्र डकुमेन्ट्रीको प्रारम्भिक कपि प्रस्तुत गर्नुपर्नेछ भने परियोजना को पृष्ठपोषण सहितको अन्तिक कपि सम्झौता भएको मितिले २० दिन भित्र पेश गरि भुक्तानीका लागी निवेदन दिनुपर्नेछ भने निवेदन प्राप्त भएको मितिले ५ दिन भित्र नियमानुसारको कर कट्टी गरि एकमुष्ठ रकम बैंक मार्फत भुक्तानी गरिनेछ

८) डकुमेन्ट्रीमा समेटनु पर्ने बिषय सम्झौता संगै संलग्न गरि प्रदान गरिने छ ।

**कोटेशन पेश गर्नु पर्ने अन्तिम मिति समय र स्थान :**

- अन्तिम मिति र समयः २०८२/०७/२६ गते - २०२५ नोवेम्बेर १२, ५ बजे भित्र ।
- अन्तिम मितिमा सार्वजनिक विदा परेको खण्डमा त्यसको अर्को दिन कार्यालयको समयमा बुझाउन सकिनेछ ।
- स्थानः NNSWA को शाखा कार्यालय बिरेन्द्रनगर नगरपालीका वार्ड नं.३ एरि चोक, सुर्खेत वा इमेल nnswa.procurement@gmail.com मार्फत पनी पठाउन सकिने छ ।
- दरभाउपत्र पूर्ण वा आंशिक रूपले स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस संस्थामा निहित रहने छ ।

NNSWA
शाखा कार्यालय
सुर्खेत
आवश्यक जानकारीका लागिः ०८३५९०१८२